जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक २३३ २०७७ साल असार २६ गते शुक्रबार (10 July 2020 Friday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) लाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता विपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरुलाई दिने) लाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने,
- अपराधिक लाभ (एक्टर्सन) लिने (अरुलाई धम्क्याई निजबाट लाभ लिने) लाई सात वर्षसम्म कैद र सत्तरी हजार रुपौयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : राष्ट्रवादी बन्ने भयंकर ... ३ पृष्ठमा : वैकल्पिक सिकाइ शैक्षिकसत्र ... ३ पृष्ठमाकोरोनाबाट बिरामी भएका ७० ...

# भारतको तुलनामा तेश्रो मुलुकबाट आउनेहरुमा संक्रमण बढ्दै

## संक्रमित बढ्दै जाँदा वेड पनि थपिदै



**दैनिक समाचारदाता**
**राजविराज, २५ असार ।**

सप्तरीमा १५ दिनको अवधीमा भारतबाहेक तेश्रो मुलुकबाट घर फर्किनेहरु मध्येबाट २५ जनामा कोरोनाको संक्रमण पुष्टि भएको छ ।

रोजगारीको सिलसिलामा कतार, मलेशिया, कुवेत, बहराईन लगायतका स्थानहरुमा रहेकाहरु हालै हवाई मार्ग प्रयोग गरी काठमाडौं हुदै गृहजिल्ला आईपुगेपछि गरिएको पिसिआर परिक्षणका क्रममा कोरोना पोजेटिभ पुष्टी भएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन् ।

जिल्ला स्वास्थ्य कार्यालयका अनुसार हाल राजविराजस्थित साईकृष्णा अस्पतालको आईसोलेशन कक्षमा १ सय ५४ जना कोरोना संक्रमितहरु उपचार गराइरहेका छन् । जसमध्ये १ सय २९ जना भारतका र १५ दिनको अवधीमा तेश्रो मुलुकबाट फर्किएकाहरु मध्येबाट २५ जना संक्रमितहरु उपचार्थ छन् ।

१५ दिनको अवधीमा तेश्रो मुलुकबाट फर्किएका मध्येबाट २५ जनामा पोजेटिभ देखिनु गम्भिर विषय भएको भन्दै स्वास्थ्य प्रमुख यादवले सम्बन्धित देशले फिर्ता पठाउँदा परिक्षण नगर्नु र काठमाडौंस्थित अन्तराष्ट्रिय विमानस्थलमा समेत भरपर्दो जाँच हुन नसक्दा जिल्लामा चुनौती थपिएको बताए ।

यता आईसोलेशन वेडको अभावमा कोभिड-१९ का संक्रमित राख्न समस्या भइरहेको बेला नेपाली सेनाले थप ७५ आईसोलेशन बेडको ब्यवस्थापन गरेको छ । नेपाली सेनाको भिमदल गणबाट खटिएको प्राविधिकसहितको २५ सदस्यीय टोलीले लगातार ५ दिनको प्रयासमा थप ७५ बेडको व्यवस्थापन गरेको हो ।

जिल्लाकै एकमात्र आईसोलेशन वार्ड बनाइएको राजविराजस्थित साईकृष्णा अस्पतालमा यस अघि प्रदेश सरकारको सहयोग तथा गण कै सेनाको प्राविधीक टोलीको श्रमदानबाट १ सय ३ वेडको सुविधा सम्पन्न आईसोलेशन कक्ष निर्माण गरिएको थियो । तर

*बाँकी तीन पृष्ठमा*

# जनता समाजवादी पार्टी निर्वाचन आयोगमा दर्ता

काठमाडौँ, २५ असार (रासस) ।

जनता समाजवादी पार्टी नेपालले औपचारिक रुपमा राजनीतिक दलको मान्यता पाएको छ । जसपा निर्वाचन आयोगमा दर्ता भएसँगै नयाँ दल बनेको हो ।

आयोगको बुधबार बसेको बैठकले जसपा दर्ता गर्ने निर्णय भएको निर्वाचन आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले राससलाई जानकारी दिनुभयो । जसपालाई दल दर्ताको प्रमाणपत्र लिन शुक्रबार बोलाइएको बताइएका छ । गत वैशाख १० गते समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टीबीच एकीकरण भई जसपा गठन गर्ने सहमति भएको थियो । एकीकरण घोषणा भएको जसपाले दल दर्ताका लागि जेठ २५ गते आयोगमा आवश्यक कागजात बुझाएको थियो ।

जसपाका नेता केशव झाले आयोगमा आधिकारिक रुपमा दल दर्ता भएपछि पार्टी एकीकरणका बाँकी काम अघि बढाइने बताउनुभयो । आयोगमा अहिले

*बाँकी तीन पृष्ठमा*

# प्रहरीद्वारा ठूलो परिमाणमा मदिरा नष्ट



**दैनिक समाचारदाता**
**राजविराज, २५ असार ।**

सप्तरी प्रहरीले पछिल्लो पटक घरेलु मदिरा विक्री वितरणमा कडाई गर्नुका साथै सो मदिरा नष्ट समेत गरेको छ ।

जिल्लाको सुरुङ्गा नगरपालिकाको विभिन्न वडामा बिहीबार छापा मारेर ठुलो परिमाणमा मदिरा बरामद गरी नष्ट गरिएको हो ।

गोप्य सुचनाको आधारमा खटेको प्रहरीको टोलीले सो नगरपालिकाको वडा नं.४, ५ र ७ लगायतका स्थानबाट १ हजार २ सय ३० लिटर अबैध घरेलु मदिरा नष्ट गरेका हो । सो क्रममा ४ वटा भट्टी पसल भत्काउनुका साथै ८ सय लिटर कच्च पदार्थ तथा मदिरा बनाउने ५ थान मेसिन समेत नियन्त्रणमा लिई नष्ट गरिएको प्रहरी उपरिक्षक कृष्ण प्रसाईले बताए ।

*बाँकी तीन पृष्ठमा*

# प्रहरीले पक्राउ गरेको युवामा संक्रमण देखिएपछि पक्राउ गर्ने प्रहरी र आफन्तमा खैलाबैला

**दैनिक समाचारदाता**
**राजविराज, २५ असार ।**

क्वारेन्टाईनबाट बाहिर निस्केपछि प्रहरीद्वारा पक्राउ गरी पुनः क्वारेन्टाईनमै फर्काइएका युवामा कोरोना पोजेटिभ देखिएपछि उनीहरुलाई पक्रने प्रहरीहरुलाई समेत कोरोना हुन सक्ने आशंकाले प्रहरी र उनका आफन्तमा खैलावैला मच्चिएको छ ।

ती युवाहरुलाई पक्रेका कारण प्रहरी जवानद्वय घनश्याम थापा र छविलाल वम्जनलाई समेत कोरोना संक्रमणको आशंकाले छुट्टै राखिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरिक्षक तिलक भारतीले बताए । ती दुबै प्रहरीको विहीवार स्थानीय साईकृष्णा अस्पतालको आइशोलेशन कक्षमा पिसिआर परिक्षण गराइएको छ ।

सप्तरीको बोदेबर्साइन नगरपालिकास्थित चन्द्र नमुना उच्च माविको क्वारेन्टाईनमा रहेका ६ जना युवाहरु पटक/पटक बाहिर निस्की बजारतर्फ जाने गरेपछि बुधवार साँझ ड्युटीमा खटेका दुई प्रहरीले उनीहरलाई पक्राउ गरेर पुनः क्वारेन्टाईनमै पुऱ्याएका थिए । त्यसको एक घण्टापछि नै ती मध्येका दुई जनालाई कोरोना पोजेटिभ भएको रिपोर्ट प्राप्त भएको थियो ।

परिक्षण रिपोर्ट आउन बाँकि रहेकोले रिपोर्ट प्राप्त भएपछि सोही अनुसारको आवश्यक व्यवस्था मिलाईने प्रहरीको भनाई छ ।

"जिम्मेवारी, प्राथमिकता उत्तरदायी सहितको हाम्रो कामना : लैङ्गिक हिंसा, अन्त्य हाम्रो चाहना ।"

"सूचना र प्रविधि सहितको तीन तहको सरकार : लैङ्गिक हिंसा निर्मुल सबैको जिम्मेवार ।"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

जनज्योति कृषि सहकारी संस्था लि.
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
Best Remit Quick & Easy
City Express Money Transfer
IME pay
MoneyGram money transfer

## सम्पादकीय ....

# बाढीबाट जोगिन ठोस कार्य आवश्यक

जल तथा मौसम विज्ञान विभागले आगामी चार दिन तराईका क्षेत्रमा भारी वर्षा भई नदीको सतह बढेपछि बाढी आउने पूर्वानुमान गरेको छ । यस्तो बेलामा जनधनको क्षति हुनबाट सबै सतर्क रहनु पर्ने आवश्यकता रहेको छ । सप्तरीमा भने असार र साउन महिनामा गत वर्ष पनि बाढीले ठूलै मात्रामा क्षति पुऱ्याएको थियो । जिल्लामा सप्तकोशी नदी, खाँडो खोला, सुन्दरी खोला, त्रियुगा खोला, जिता खोलालगायतमा वर्षायाममा पानीको सतह बढ्ने गरेको छ । जसकारण पानी मानवबस्तीमा पसेर घर डुवान गर्ने गरेको छ । घर डुवानका साथै खेतीयोग्य जग्गा समेत डुवानमा पारि किसानहरुले लगाएको अन्नबाली क्षति हुनेगरेको छ । यसका लागि पूर्वतयारी आवश्यक छ ।

स्थानिय स्तरमा जिल्लाका सबै पालिकाहरुले बाढीको पूर्वतयारी गरिसकेको जनाएको छ । तर, यथार्थ भने अर्कै छ । बाढी आएपछि मात्र पालिकाहरु तातिने विगतका उदाहरणहरु पनि छन् । यसकालागि वर्षायाममा नभएर पहिला नै बाढीबाट बच्न र बचाउन तयारी आवश्यक छ। नदी नाला रहेका पालिकाहरुले यस्ता गम्भिर विषयमा पूर्वतयारी गरेर वर्षायाममा न्यून क्षति हुनेतर्फ ध्यान पुऱ्याउनुपर्छ ।

पालिकाहरुले आफ्नो विकासीय बजेटलाई सदुपयोग गर्नेतर्फ ध्यान दिँदै बाढीबाट मानवबस्तीलाई जोगाउने तर्फ वर्षायाम अगाडी नै सचेत हुनुपर्ने आवश्यकता रहेको छ । तसर्थ यसका लागि आगामी वर्षको सुरुवातमै बाढी नियन्त्रण, रोकथाम तथा मानवबस्ती तथा खेतीयोग्य जग्गालाई डुवानबाट कसरी बचाउन सक्ने रणनीति बारे छलफल गरि ठोस कदम उठाउनु पर्ने आति आवश्यक रहेको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# राष्ट्रवादी बन्ने भयंकर कम्पिटिशन



**देवेश झा**

नेपालको संसदले कालापानी, लिपुलेक र लिम्पियाधुरा पारित गरिसकेपछि यसमाथि अब टिप्पणी गरिरहनु पर्ने आवश्यक छैन । राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि मूल कानूनमा पनि निशान छाप परिवर्तन हुन्छ । तर अब यसपछि के त ? भन्ने मूल प्रश्न हो । तथापि यसपछि सरकारले के सोचिरहेको छ वा गरिरहेको छ मेरो जानकारीमा छैन । किनभने नक्साहितको संशोधन विधेयक पारित गर्ने प्रक्रियाको अन्तिम चरणमा पुग्न लाग्दा प्रमाण संकलन भनेर ९ सदस्यीय एउटा विज्ञ टोली गरिएको हो । त्यसले कता कता एउटा प्रश्नचिन्ह खडा गरिदिएको छ । जब प्रमाण छँदै थियो, सरकारले दावा गर्दै आएको छ कि तथ्य र प्रमाणको आधार जग्गा फिर्ता लिने हो । तथापि पनि विज्ञ समूह गठन गरिएको छ । त्यसले गर्दा सरकारले आगामी रणनीतिको बारेमा प्रष्ट गर्नुपर्ने हो ।

सरकार आफैले शंका जन्माएको हो । प्रमाण छँदैछ भने प्रमाण संकलनका लागि थप विज्ञ समूह गठन गर्नुपर्ने आवश्यकता रहँदैन । तर मन्त्रिपरिषद्बाट निर्णय हुँदा प्रमाण संकलन गर्ने कार्यादेशसहित समूह गठन हुन्छ भने प्रमाणको अभाव छ भन्ने बुझिन्छ । भारतीय मिडियामा पनि त्यहीं हिसावले व्याख्या पनि भइरहेका छन् । अन्य कुनै कारणले विज्ञ समूह गठन भएको हो भने त्यो कारण खोल्नुपर्ने थियो । तर प्रमाण संकलनकै लागि गठन गरिएको भन्ने जुन कुरा छ त्यसले कता-कता प्रश्नचिन्ह खडा भइसकेकै छ ।

प्रमाणहरु एकत्रित गर्नकै लागि विज्ञ समूह गठन गरिएको हो भने यसका लागि बाहिरका व्यक्तिहरुबाट विज्ञ समूह गठन गर्नु पर्दैन ? विज्ञ समूहको नाममा सरकारका प्रशासनिक अंगसँग जोडिएका व्यक्तिहरु त्यसमा छैनन् । सरकारका कुनै पनि निकायमा त्यससँग सम्बन्धित दस्तावेज छ भने सरकारले सजिलै संकलन गर्न सक्छ । त्यसका लागि कुनै छुट्टै समूह आवश्यक पर्दैन ।

नेपालले वार्ताको वातावरण बनाउनुपर्छ भन्ने औपचारिकरुपमा भारतको विदेश मन्त्रालयबाट आएको छ । यसलाई कुटनीतिक भाषामा भन्ने हो भने नेपालको व्यवहारसँग असन्तुष्टि भन्नुपर्छ । संविधानमा नक्सालाई संशोधन गरिसकेपछि हार्डकोर पोजिसन लिएको अवस्थाले पनि वार्ता गर्ने वातावरणमा सहजता दिएको छैन । किनभने नेपालसँग अब वार्ता गर्ने धेरै ठाउँ छैन । संविधानमा त्यसलाई स्वीकार गरिसकेपछि नेपालले त्यसमा कहीं नेगोसिएसन गर्न सक्दैन । नेपालसँग बोल्ने एक लाइनको कुरो मात्रै हुन्छ, भारतीय सेना यहाँबाट जानुपर्छ । त्यति मात्रै भन्नका लागि उनीहरु किन वार्ता गर्छ ? नेगोसिएसनको सम्भावना छ भने मात्रै वार्ता गर्ने हो । त्यसैले उनीहरुले वार्ताको वातावरण बनाउनुस् भनेर भनिरहेका छन् ।

भारतीय मिडियाले नेपालका प्रधानमन्त्री ओलीले वार्ता टारेको भन्ने समाचार आएको छ । जबकि नेपाल पक्षको दाबी के छ भने हामीले वार्ताको लागि प्रयास गर्दा पनि भारतबाट कुनै रिस्पोन्स आएन । भारतीय मिडियाको दाबी भएकोले यसमा टिप्पणी गर्न आवश्यक छैन । भारतीय पक्षबाट यदि आधिकारिकरुपमा यदि कुनै प्रतिक्रिया आयो भने मात्रै टिप्पणी गर्ने कुरो हुन्छ ।

अन्तर्राष्ट्रिय कानूनका ज्ञाताको अनुसार नेपालले अहिलेसम्म आफै अन्तर्राष्ट्रिय अदालतलाई मान्यता दिएको छैन । जुन अदालतलाई नेपाल स्वयम् स्वीकार गरेको छैन त्यो अदालतमा के भनेर जाने ? सबभन्दा पहिलो प्रश्न त्यो आउँछ । अर्को कुरा मैले बुझेअनुसार यसप्रकारका मुद्दाहरुमा दुवै पक्षबाट संयुक्त निवेदन परेपछि मात्रै अन्तर्राष्ट्रिय अदालतले हस्तक्षेप गर्ने अवस्था आउँछ । नेपाल एक्लैले निवेदन दिएर एउटा पोलिटिकल स्टन्ट क्रिएट गर्नु आफ्नै ठाउँमा छ । तर अन्तर्राष्ट्रिय अदालतमा त्यो स्वीकार्य होला जस्तो लाग्दैन । किनभने भारत अन्तर्राष्ट्रिय अदालत जानुपर्नेअवस्था पनि छैन । यहाँ तार्किकभन्दा पनि भावनात्मकरुपमा कुरा बढी आउँछन् ।

नेपालले संयुक्त राष्ट्र संघको सदस्यता लिने बेलामा बुझाएको डकुमेन्टमा कस्तो नक्सा बुझाएको हो भन्ने प्रश्नहरु त उठेका छन् । नेपाल सरकारको तर्फबाट स्पष्टीकरण आएको अवस्था अहिलेसम्म छैन । १९५५ मा नेपालले संयुक्त राष्ट्र संघबाट औपचारिक सदस्यता प्राप्त गरेको छ । औपचारिक सदस्यता प्राप्त गर्ने बेलामा नेपालले आफ्नो आइडेन्टिफिकेशनका लागि पक्कै पनि कुनै न कुनै जियोग्राफिकल म्याप बुझाएको हुनुपर्छ । यसबारे सरकारको तर्फबाट स्पष्ट पारिदिएको भए भ्रम फैदा हुने थिएन ।

महाकाली सन्धिमा भनिएको छ कि महाकाली नदी दुवै देशको उपभोग गर्ने साझा नदी हो । त्यहाँबाट विवाद सुरु हुन्छ । नेपाल र भारतबीच नक्साको विवादको मूल कारण नै यही हो । ब्रिटिश इण्डियाको साथमा तत्कालीन नेपालका राजाले सन्धि गर्दा काली नदीभन्दा पछि नेपाल जान पाउँदैन भनेको थियो । भनेपछि काली नदी यता जान पाउँछ । अर्को कुरा काली नदी कहाँ छ ? काली नदीको उद्गमलाई लिएर विवाद भएकोले यस्तो अवस्था सिर्जना भएको हो ।

सुस्तामा पनि यस्तै किसिमको समस्या छ तर यतातिर एकदम कमै ध्यान गएको देखिन्छ । वास्तवमा भूमि विवादको समस्या समाधान गर्नका लागि गरिएकै होइन । समस्या बल्झाउनका लागि योजनाबद्ध ढंगले नेकपा एवं प्रधानमन्त्री केपी ओलीले यी सारा प्रकरण ल्याउनु भएको छ । उहाँले सुरुदेखि नै भारतविरोधी राष्ट्रवादलाई मलजल गर्दै आफूलाई जोगाउँदै आउनुभएको छ । यो कुरा प्रष्ट छ । कोरोना महामारी नियन्त्रणमा प्रधानमन्त्रीको लगभग असफलता छ, आर्थिक क्षेत्र पूर्णरुपेण डामाडोलको अवस्था छ । उहाँलाई आफ्नै पार्टीबाट जसरी पनि कुर्सीबाट हटाउने कुरो भइरहेको छ । सबैलाई एकमुष्ट रुपमा समाधान गर्न उहाँले सीमा विवादको कार्ड खेल्नुभएको छ । महाकालीमा मात्रै भारतीय सेना रहेकोले संविधान संशोधन गर्नुभएको छ । अब स्थिति के छ भने जेसुकै अवस्थामा भारतीय सेना त्यहाँबाट हट्ने होइन । यस्तो अवस्थामा नेपाली सेना गएर त्यहाँ भिड्नुपर्छ । त्यो नभएसम्म केपी ओलीजीले मज्जाले लामो समयसम्म हामी वार्ता गर्न चाहन्छौं भनिरहन सक्ने अवस्था भयो । यो समस्याको समाधान पनि हुँदैन र नेपाली जनमानसमा भारतविरोधी भावना पलाइरहने भयो । उहाँ इमान्दार भएको भए संविधान संशोधन गर्दा सुस्ता, पशुपतिनगर लगायत सबै भूभाग समेटेर फाइनल नक्सा पास गरेर अब यसपछि हाम्रो दाबी छैन भन्न सक्नुपर्दथ्यो ।

यो समस्याको समाधान गर्ने इच्छा नै भएन । यदि उहाँ वार्ता नै गर्न चाहेको भए भारतको राष्ट्रिय चिन्हमाथि त्यसप्रकारको टिप्पणी गर्नु हुने थिएन । त्यसप्रकारको टिप्पणी गर्नुको अर्थ नै समस्याको समाधान गर्न खोजेको छैन । जोसँग वार्ता गर्नुछ उसलाई गाली वा अपमानित गर्नु हुँदैन । जुन ठाउँमा भारतीय सेना बसेको छ त्यो ठाउँलाई मात्र तोकिएर संविधान संशोधन गरिएको छ । संविधान संशोधन गर्दा त सुस्तालाई पनि समेट्न सकिन्थ्यो नि । सुस्ता र पशुपतिनगरमा कसले रोकेको छ ? यसबाट स्पष्ट देखिएको छ कि राजनीतिक रोटी सेक्नेबाहेक अरु केही छैन । यही कुरालाई सबै राजनीतिक दलले समर्थन गऱ्यो र आफूलाई राष्ट्रवादी देखाउन खाजे ।

अहिले राष्ट्रवादी बन्ने भयंकर कम्पिटिशन त छ । यसमा कोही पछाडि नपरोस् भन्नेतिर नै देखियो । यसमा अलिकति सरिता गिरीले बोल्यो उहाँ राष्ट्रघाती घोषित भइहाल्यो ।

सरिता गिरीको संशोधन तार्किक नै थियो । उहाँले सरकार अथवा नेपाललाई सहयोग गर्ने आधारमै त्यो कुरा गर्नुभएको थियो । संसदभित्र भावनाले काम गर्दैन । सांसदलाई हामी कानून निर्माता भन्छौं । त्यो कानून बनाउने ठाउँ हो त्यहाँ कानून र संविधान निर्माण हुन्छ । संसदले जसरी नक्सा पास गऱ्यो त्यो संवैधानिक तरिका भएन । हाम्रो संविधानको धारा २७४ को उपधारा ४ मा स्पष्ट व्याख्या गरिएको छ, यदि प्रदेशको नक्सा परिवर्तन हुन्छ भने प्रदेशमा पठाउनुपर्छ, प्रदेशसभाबाट पारित गर्नुपर्छ । त्यसपछि संसदमा आएपछि दुईतिहाइले पास भएपछि मात्रै लागू हुन्छ । निशान छाप परिवर्तन गर्दा सुदूरपश्चिमको नक्सा त परिवर्तन भएको हो । सरिता गिरीले उठाउनुभएको प्रश्न के थियो भने संविधान संशोधन गर्नुपर्ने आधार खोलिदिऔं । त्यो खोलिएको छैन, त्यसैले यो अमान्य छ । तर, त्यो कुरालाई यसप्रकारले व्याख्या गरियो कि सरिता गिरीले भारतको समर्थनमा बोलेको छ । यसलाई राष्ट्रघाती घोषित गरियो । (कुराकानीमा आधारित)

*(मधेश दर्पण फिचर सेवा)*


सूचना

नोभल कोरोना भाईरस (कोभिड१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# वैकल्पिक सिकाइ शैक्षिकसत्र गणनामा अन्योल

काठमाडौँ, २५ असार (रासस) ।
विद्यालय खुल्न नसकेको अवस्थामा सञ्चालित वैकल्पिक विधिको सिकाइ नयाँ शैक्षिक सत्रमा गणना गरिएको छैन ।

सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट भइरहेको वैकल्पिक सिकाइ केवल लामो समयमा घरमा रहनुपरेका बालबालिकालाई सिकाइको निरन्तरता मात्रै भएको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहतको शिक्षा तथा मानव स्रोत विकास केन्द्रले स्पष्ट गरेको हो । हरेक वैशाख पहिलो साता नयाँ शैक्षिक सत्रको थालनी हुँदै आएकामा यो वर्ष कोरोना महामारीले प्रभावित बनाउँदै आएको छ ।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घ नेपालले बन्दाबन्दीका कारण प्रभावित विद्यालयमा वैकल्पिक सिकाइ प्रणाली कार्यान्वयनको अभ्यास र स्थानीय तहको भूमिकाबारे बिहीबार आयोजना गरेको भर्चुअल छलफलमा केन्द्रका निर्देशक माधवप्रसाद दाहालले भन्नुभयो, "वैकल्पिक विधिकै आधारमा नयाँ शैक्षिक सत्र शुरु भयो । पढाइ नै यही हो भन्ने होइन । यो मूल्याङ्कन प्रणालीमा आबद्ध भइहालेको छैन ।" दाहालले सूचना तथा सञ्चारमा पहुँच भएका र नभएका बालबालिकाको वर्गीकरणसहित ती विद्यार्थीलाई लक्षित गरी श्रव्यदृश्य, पाठ्यपुस्तक र स्वाध्यायन सामग्री विकास गरी विभिन्न माध्यमबाट पठाइएको जानकारी दिनुभयो ।

छलफलमा सिन्धुलीका विभिन्न स्थानीय तहका शिक्षा अधिकारीले वैकल्पिक सिकाइ सहजीकरण र अनुगनको अभ्यास भइरहेको अवगत गराएका थिए । जिल्लाका शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख नेत्र गजुरेलले जिल्लामा भएका र अन्य जिल्लाका १४ वटा रेडियोको सहयोगमा माध्यमिक शिक्षा परीक्षा, कक्षा १० का लागि पनि तयारी कक्षा सञ्चालन गरिएको अनुभवका आधारमा अहिले तिनै माध्यमबाट सिकाइ शुरु गरिएको जानकारी दिनुभयो । उहाँले रेडियो नसुनिने र टेलिफोन नलाग्ने विकट गाउँमा टोलटोलमा शिक्षक परिचालन गरी 'होमवर्क प्याकेज' सञ्चालन गरिएको बताउनुभयो । स्थानीय तहले विभिन्न स्वाध्यायन सामग्री छपाइ गरी वितरण र रेडियो स्टेशनबाट कक्षा सञ्चालन भइरहेको तथा साप्ताहिकरुपमा गृहकार्य र पढाइको अनुगमन गरी विद्यार्थीका विषयगत समस्यालाई सम्बन्धित शिक्षकमार्फत समाधान गराएको जनाएका छन् ।

महासङ्घका अध्यक्ष कृष्ण थापाले हालसम्म वैकल्पिक सिकाइको पहुँच ४० प्रतिशतमा मात्रै पुगेको र सरकारले तयार गरेको सहजीकरण निर्देशिका पूर्वपरामर्श पर्याप्त नभएको स्थितिमा आफूहरुले स्थानीय तहसँग समन्वय गर्दै आएको बताउनुभयो । शिक्षा मन्त्रालयले यही जेठ १८ गते 'वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७' जारी गरी यही असार १ गतेदेखि अनिवार्य कार्यान्वयन गर्न आग्रह गरेको थियो ।

# आगामी चार दिन मनसुनी गतिविधि बढ्ने

काठमाडौँ, २५ असार (रासस) ।
बिहीबारदेखि आइतबारसम्म मनसुनी गतिविधि बढ्ने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । मनसुन न्यूनचापीय रेखा नेपालको तराई भूभाग नजिक रहेकाले आगामी चार दिन मनसुनी गतिविधि बढ्ने सम्भावना रहेको मौसमविद् प्रतिभा मानन्धरले बताउनुभयो । उहाँका अनुसार प्रदेश नं १, २, वाग्मती र गण्डकी प्रदेशका केही स्थानमा भारी वर्षाको सम्भावना रहेको छ । "मनसुनको समय अझै बाँकी नै छ, त्यसैले यसलाई वर्षकै ठूलो वर्षा भिन्न मिल्दैन", मौसमविद् मानन्धरले भन्नुभयो ।

असार २५ देखि २८ गतेसम्म प्रदेश नं १, २, वाग्मती र गण्डकी प्रदेशमा मनसुन शुरु भएपछिको अहिलेसम्मकै बढी वर्षा हुने अनुमान गरिएको छ । मौसमविद्का अनुसार मनसुनको समयमा १०० मिलीमिटरदेखि माथिको वर्षालाई भारी वर्षा भनिन्छ । त्यस्तै अरु समय ५० मिलीमिटरसम्मको वर्षालाई पनि भारी वर्षा भनिन्थ्यो । अहिले मनसुनको समय भएकाले ५० मिलीमिटरसम्मको वर्षालाई नै हल्कादेखि मध्यम भन्ने गरिन्छ ।

यस वर्ष वैशाखदेखि अहिलेसम्म प्रशस्त पानी परिहरेकाले भारी वर्षाले बाढी, डुबान र पहिरोको जोखिम बढाइदिएको छ । पहाडी क्षेत्रमा साना खोलानाला, खहरे, नदी र तालमा बाढी आउने सम्भावना रहनुका साथै कतिपय ठाउँमा पहिरोसमेत जान सक्ने भन्दै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणकले सतर्क रहन सबैमा आग्रह गरेको छ ।

शुक्रबारदेखि आइतबारसम्म कन्काई, कोशी, कमला, वाग्मती, नारायणी तथा यसका सहायक नदीमा पानीको सतह बढेर बाढी र खतरा हुनसक्ने पूर्वानुमान गरिएको छ । "खासगरी प्रदेश नं १ र २ का चुरे तथा तराई भएर बग्ने खोला तथा नदीहरूमा ठूलो बाढी आउनसक्ने हुनाले यस क्षेत्रका बासिन्दालाई विशेष सतर्कता रहन आग्रह गर्दछौँ", प्राधिकरणले एक सूचना जारी गरी भनेको छ ।

प्राधिकरणका अनुसार ठूला नदीनालामा आउने बाढीबारे जानकारी लिन जल तथा मौसम विज्ञान विभागको टोल फ्रि नं ११५५ र आपत्कालीन सेवाका लागि राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको टोल फ्रि नं ११४९ उपलब्ध हुनेछ ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
राजविराज, सप्तरी

प.सं. :२०७६/०७७ (प्रशा.)
च.नं.

फोन : ०३१-५२०८३२
०३१-५२०१३४
फ्याक्स :०३१-५२०६२४

**जिल्ला प्रशासन कार्यालयको सूचना**

जल तथा मौसम विज्ञान विभाग (बाढी पूर्वानुमान महाशाखा) को मिति २०७७/०३/२२ गते बिहान ७ बजेको बाढी पूर्वानुमान बुलेटिनबाट सूचना प्राप्त भए अनुसार आगामी असार २५ गतेदेखि देशैभरमा मनसुन सक्रिय देखिएको र यसबाट नदीको बहाव बढ्ने, असार २६ गतेदेखि २८ गतेसम्म कनकाइ नदी, कोशी नदी, कमला नदी, बागमती नदी, नारायणी नदी र यसको साहायक नदी लगायत प्रदेश नं. १ र २ को चुरे र तराईबाट बहने प्रायः सबै नदीको बहावले शतर्कता पार गरी खतरा तह आसपास पुग्न सक्ने तथा ढल/पानीको राम्रो निकास नभएको ठाउँमा डुवान समेत हुने सम्भावना रहेकोले सम्भावित उच्च जोखिमको सामना गर्न पूर्व तयारीलाई प्राथमिकता दिनका साथौ सो अवधिभर स्थिति सामान्य नहुञ्जेलसम्म नदी तटीय क्षेत्रमा निर्माण कार्य नगर्न हुन, नदी किनारामा नजान र आवश्यक शतर्कता कायम गर्न हुन समेत सर्वसाधारण लगायत सम्पूर्णमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी


### भारतको तुलनामा ...

संक्रमितको संख्या बढ्दै गई बेडको अभाव भएपछि सेनाले थप ७५ वटा आइसोलेशन बेड तयार गरेको भीमदल गणका प्रमुख सेनानी गुप्त बहादुर कुवँरले बताए ।

सप्तरीमा बिहीवार सम्ममा कोरोना संक्रमितको कुल संख्या ३ सय ३० पुगेको छ । जसमध्ये १ सय ७६ जना निको भई घर फर्किसकेका छन भने १ सय ५४ जना संक्रमित अझैं उपचारको क्रममा छन् ।

### प्रहरीद्वारा ठूलो ...

यस्तै बुधवार पनि प्रहरीले जिल्लाको डाक्नेश्वरी नगरपालिका १ बलाटी चौकमा अवैधरुपमा संचालन हुदै आएको एक अबैध घरेलु मदिरा उत्पादन भट्टी भत्काएको थियो । उक्त भट्टी पसलबाट पनि प्रहरीले १ हजार ३ सय लिटर तयारी मदिरा तथा १५ थान भाडाकुडा नियन्त्रणमा लिई आवश्यक कानुनी प्रक्रिया पुरा गरी नष्ट गरेको थियो ।

अपराधिक घट्ना नियन्त्रणका लागी विभिन्न गतिविधी संचालन गरेको प्रहरीले झै झगडा, घरेलु हिंसा, चोरी लगायतका आपराधिक घट्ना न्युनिकरणका लागी घरेलु मदिरा बिक्री बितरणमा कडाई गरेको हो ।

### जनता समाजवादी ...

१३२ राजनीतिक दल दर्ता भएका छन् । दुई पार्टी राजपा र समाजवादी पार्टी एकीकरण भएपछि अब आयोगमा दर्ता भएका १३१ दल हुनेछन् । जसपाको सहमतिअनुसार पार्टीको केन्द्रीय कार्यकारिणी समिति अध्यक्षमा महन्थ ठाकुर र उपेन्द्र यादव रहनुभएको छ । पार्टीका वरिष्ठ नेतात्रयमा अशोककुमार राई, डा बाबुराम भट्टराई र राजेन्द्र महतो रहनुभएको छ । तत्कालका लागि ३० सदस्यीय कार्यकारिणी सदस्य घोषणा गरिएको छ ।

## विश्व समाचार

# कोरोनाबाट बिरामी भएका ७० लाख ७१ हजार भन्दा बढी व्यक्ति निको भएर फर्के

जेनेभा स्वीट्जरल्याण्ड, २५ असार (रासस/एएफपी) ।
नेपाली समयानुसार बिहीबार अपराह्नसम्म प्राप्त समाचारअनुसार कोरोना भाइरसका कारण बिरामी भएका ७० लाख ७१ हजार ४६७ जना व्यक्ति निको भएर फर्केका छन् । कोरोना भाइरस (कोभिड १९) बाट विश्वभर मृत्यु हुने व्यक्तिको संख्या ५ लाख ५२ हजार १६४ पुगेका बताइएको छ । साथै यस संक्रमणबाट विश्वभर १ करोड २१ लाख ७२ हजार १८१ जना संक्रमित भएका विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) द्धारा आफ्नो दैनिक प्रेस विज्ञप्तिमा जानकारी दिइएको छ ।

हाल विश्वभरमा कोरोना भाइरस संक्रमित करिब ४५ लाख ४८ हजार ५५० व्यक्ति उपचाररत रहेका छन् । संक्रमितहरुमा ५८ हजार २८८ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ । चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ । डब्लुएचओकाअनुसार संयुक्त राज्य अमेरिकामा मात्र ३१ लाख ५८ हजार ९३२ जनामा कोरोना भाइरसका संक्रमित रहेका छन् । यस प्रकोपका कारण अमेरिकामा १ लाख ३४ हजार ८६२ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ । दक्षिण अमेरिकामा २६ लाख ७२ हजार ४४ जना कोरोना भाइरस संक्रमति रहेका छन् । यहाँ ९८ हजार ६११ जनाको मृत्यु भएको छ ।

उत्तर अमेरिकामा ३७ लाख १ हजार १६५ जना कोरोना भाइरस संक्रमति रहेका छन् । यहाँ १ लाख ८० हजार ४६३ जनाको मृत्यु भएको छ । युरोपमा २५ लाख १८ हजार ५०७ जना कोरोना भाइरस संक्रमित रहेका छन् भने १ लाख ९६ हजार ५० को मृत्यु भएको छ । एसिया २७ लाख ४१ हजार ८०० जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने, ६५ हजार ५९२ जनाको मृत्यु भएको छ । अफ्रिकामा ५ लाख २५ हजार ८९४ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने १२ हजार २७० जनाको मृत्यु भएको छ । ओसियानामा १० हजार ७१४ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने १२८ जनाको मृत्यु भएको छ ।

# भारतमा कोभिड संक्रमण निको हुने दर ६१.५३ प्रतिशत

नयाँ दिल्ली, २५ असार (रासस/एएनआई) ।
भारतको स्वास्थ्य मन्त्रालयले भारतमा कोभिड-१९ का संक्रमितहरुको निको हुने दर बढेको जानकारी दिएको छ । सो मन्त्रालयले भारतमा कोरोना संक्रमणबाट संक्रमितहरुको निको हुने दर बढेर ६१.५३ प्रतिशत पुगेको जानकारी दिएको जनाइएको छ । यहाँ गएको २४ घन्टामा मात्र २२ हजार जनाभन्दा बढी संक्रमित भेटिएका बुधबार बिहान प्राप्त भएको समाचारमा जनाइएको छ ।

बुधबार दिइएको जानकारीमा यहाँ गएको २४ घन्टामा २२ हजार ७५२ जना संक्रमित भेटिएका हुन् । योसँगै यहाँका संक्रमितहरुको संख्या बुधबार बिहानसम्ममा ७ लाख ४२ हजार ४१७ जना पुगेका छन् । यी संक्रमितहरुमा भारतमा ४ लाख ५६ हजार ८३० जना संक्रमितहरु निको भएर घर फर्किएका सो मन्त्रालयले जानकारी दिएको छ । अझै पनि भारतमा २ लाख ६४ हजार ९४४ जना संक्रमितहरु अहिले रहेका छन् । उनीहरुमध्ये कतिपय अस्पताल त केही आफ्नै घरमा आइसोलेसनमा पनि रहेका छन् ।

यहाँ २० हजार ६४२ संक्रमितको निधन भएको छ । गएको २४ घन्टामा मात्र यहाँ ४८२ जनाको ज्यान गएको बताइएको छ । योसँगै भारतमा कोभिड १९ को संख्या हेर्दा करिब ६१.५३ प्रतिशत निको भएर घर फर्किएको देखिएको छ । यो संख्या पहिलेको तुलनामा बढ्दै गएको पनि सो मन्त्रालयले दिएको तथ्यांकमा उल्लेख गरिएको छ । मन्त्रालयले निको हुने दर हरेक दिन बढ्दै गएको जनाएको छ । साथै पछिल्ला दिनहरुमा परीक्षणको संख्या पनि मन्त्रालयले बढाउँदै लगेको सो मन्त्रालयले जनाएको छ । साथै मन्त्रालयले सबैभन्दा बढी प्रभावित राज्यका रुपमा महाराष्ट्र नै अगाडि रहेको पनि बताएको छ ।

# बिहारमा चट्याङ लागेर १२ को मृत्यु, मृतकका परिवारलाई आर्थिक सहयोग गरिने

नयाँ दिल्ली, २५ असार (रासस/एएनआई) ।
भारतको बिहार राज्यमा बुधबार पनि चट्याङ लागेर १२ जनाको ज्यान गएको समाचारमा जनाइएको छ । यस वर्षको मौसम शुरु भएदेखि नै बिहारमा चट्याङले ठूलो क्षति पुऱ्याएको बताइएको छ । बिहारको विपद् व्यवस्थापन विभागले बुधबार पनि चट्याङ लागेर १२ जनाको ज्यान गएको जनाएको छ । अघिल्लो हप्तासम्ममा यहाँ यस प्रकोपका कारण एक सय जनाभन्दा बढीको मृत्यु भएको बताइएको थियो । यसैबीच बिहार सरकारले मृत्यु भएकाको परिवारलाई चार लाख भारतीय रुपैयाँ क्षतिपूर्ति दिने भएको छ । समाचारमा जनाइएअनुसार उक्त राज्यका मुख्यमन्त्री नितिश कुमारले सो घोषणा गर्नुभएको हो ।

उहाँले बुधबार पनि चट्याङ लागेर १२ जनाको ज्यान गएको सूचना पाएको भन्दै मृतकका परिवारलाई सो सहयोग गर्ने बताउनुभएको हो । यहाँ पछिल्ला दिनहरुमा वर्षासँगै परेको चट्याङलले लागेर एक सय जनाभन्दा बढीको मृत्यु भइसकेको छ । बिहारका मुख्यमन्त्री नितिश कुमारले गत हप्ता नै यस प्रकोपबाट ज्यान जाने परिवारका सदस्यहरुलाई आर्थिक सहयोगका रुपमा प्रत्येक परिवारलाई चार लाख भारतीय रुपैयाँ दिने घोषणा गर्नुभएको भारतीय सञ्चारमाध्यमहले जनाएका छन् । पछिल्ला हप्ताहरुमा बिहारमा मौसम खराब रहेकोले बाढी पहिरोबाट जोगिन बाहिर ननिस्कन र सम्भावित चट्याङबाट बच्ने उपायहरु अपनाउन राज्यका सबै सर्वसाधारण नागरिकहरुमा सूचना जारी गरिएको बताइएको छ ।

# घरधनीद्वारा एनएमबी लघुवित्तलाई घरभाडा छुट






**दैनिक समाचारदाता**
**राजविराज, २५ असार ।**

सप्तरीको सुरुङ्गा नगरपालिका वडा नं. ४ कदमाहामा रहेको एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेडको शाखा कार्यालयलाई घरधनीले घरभाडामा छुट दिएको छ ।

कारोना भाइरसको महामारीका कारण जारी लकडाउनमा सबै क्षेत्रलाई पारेको असरलाई ध्यानमा राखी घरधनी मुंगावत्ती चौधरीले चालु आ.ब.को असार महिनाको घरभाडा छुट दिएकी हुन् ।

शाखा कार्यालयका प्रमुख राजीव कर्णले घरधनी चौधरीले सामाजिक उत्तरदायित्व निर्वाह गर्दै समाजमा उदाहरणीय कार्य गरेको बताए ।

शाखा प्रमुख कर्णले लकडाउनको समय भित्रै केही घरधनीले घरभाडा नदिई घरबाट निकाल्नुका साथै दिईरहेको अन्य सुविधाबाट वञ्चित गर्ने जस्ता अमानविय कार्यलाई घरधनी चौधरीले चुनौती दिँदै सामाजिक उत्तरदायित्व निर्वाह गरेकोमा वित्तिय संस्थाले उनीप्रति आभार प्रकट गरेको बताए ।

यता घरधनी चौधरीले लकडाउनले सबैलाई आर्थिक तथा सामाजिक रुपमा हतोत्साही गरेको यस्तो संकटको घडीमा आफुले पनि संस्थाको समस्या बुझेर घरभाडमा छुट दिएको बताउँदै समाजमा बसेर एक अर्काको साथ दिनुको विकल्प नरहेकोले यस संकटको घडीमा सबै मिलेर अघि बढनु पर्ने सुझाव समेत दिइन् ।

कास्की जिल्लाको पोखरा उपमहानगरपालीका २५ हेम्जामा केन्द्रीय कार्यालय रहेको वित्तीय संस्थाले देशका ५६ वटा जिल्लामा १०० वटा शाखा कार्यालयहरुबाट आफ्ना ग्राहकहरुलाई वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ ।

# महिलाहरुलाई कुखुरा र किसानलाई पावर टेलर हस्तान्तरण





**दैनिक समाचारदाता**
**राजविराज, २५ असार ।**

सप्तरीको रुपनी गाउँपालिकाले बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत सुनौलो हजार दिनका महिलालाई बिहीबार अण्डा पार्ने लेयर्स कुखुरा बितरण गरेको छ ।

सो गाउँपालिका र युनिसेफको सहयोगमा संचालित बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत प्रत्येक वडाबाट २५ जनाका दरले छनौट गरी १ सय ५० जना महिलाहरुलाई तीन वटाका दरले अण्डा पर्ने लेयर्स कुखुरा ४ सय ५० प्रति वितरण गरेको जनाएको छ ।

गरिव बिपन्न, सुनौलो हजार दिनका महिलाहरूका लागि बहुक्षेत्रिय पोषण कार्यक्रमका कारण व्यवहारमा परिवर्तन हुन थालेपछि उनीहरू उत्साहित हुँदै गएको गाउँपालिका अध्यक्ष हरेराम यादवले जानकारी दिएका छन् ।

यस्तै सोही गाउँपालिकाले बुधबार विभिन्न वडाका ६ जना किसानहरुलाई हलो जोत्ने ट्याक्टर (पावर टिलर) हस्तान्तरण गरेको छ ।

गाउँपालिकाको कृषि शाखाबाट खेती गर्नका लागि विभिन्न वडाका ६ जना किसानलाई ५० प्रशित अनुदानमा सो ट्याक्टर हस्तान्तरण गरेको हो ।

गाउँपालिकाद्वारा आयोजित एक कार्यक्रमबीच गाउँपालिकाका अध्यक्ष हरेराम यादव, उपाध्यक्ष बेचनी कुमारी सरदार, प्रमुख प्रशासकीय अधिकृत ललनकुमार यादव, लेखापाल श्याम सुन्दर यादव, कृषि शाखा संयोजक छोटेलाल यादवलगायतको उपस्थितिमा सो पावर टिलर (ट्राक्टर) हस्तान्तरण गरिएको जनाइएको छ ।




# हरवाचरवा परिवारलाई दोश्रो चरणको राहत बितरण



**दैनिक समाचारदाता**
**राजविराज, २५ असार ।**

कोरोना भाइरस फैलिन नदिन सरकारले गरेको लकडाउनको मारमा परेका सप्तरीको शम्भुनाथ नगरपालिकाको विभिन्न वडाका हरवाचरवा परिवारलाई श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरीले दोश्रो चरणको राहत बितरण गरेको छ ।

द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरीद्वारा संचालित सामाजिक परिचालन तथा शिक्षाको माध्यमबाट हरवाचरवा कार्यक्रम अन्तर्गत कोरोना भाइरस आपतकालिन दोस्रो चरणको राहत बितरण गरेको जनाएको छ ।

शम्भुनाथ नगरपालिकाको वडा नम्बर १, ६, ७, ८, ९, १०, ११ र १२ सदा तथा रामबस्तीका २ सय ७ वटा घरपरिवारलाई चामल २५ किलो, खाने तेल २ लिटर, दाल मसुरी २ किलो, नुन २ किलो, नुहाउने साबुन ४ थान सामग्री लगायत सामग्रीहरु वितरण गरेको श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरीका टिम लिडर बिनोदानन्द चौधरीले जानकारी दिए ।

कार्यक्रममा शम्भुनाथ नगरपालिकाका उपमेयर कविता कुमारी सरदार, वडा नम्बर ११ का अध्यक्ष शम्भु चौधरी, श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरीका अध्यक्ष सुखीलाल चौधरी लगायतले राहत बितरण गरेका थिए ।




**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*